इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./'घ'/४८/०७३/०७४
कम्पनी दर्ता नं. १४८०५५/७२/०७३

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.
Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)
(साविक: नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लि.)

च.नं. ४२८ /२०७७/०७८

मिति २०७८।०३।०७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**विषय : गाभ्ने/गाभिने प्रयोजनको लागि सैद्धान्तिक सहमतिको जानकारी सम्वन्धमा ।**

महाशय,

प्रस्तुत विषयमा नेपाल राष्ट्र बैंकको मिति २०७८।०२।११ गतेको चलानी नं. ९२।०७७।०७८ को पत्रमा उल्लेख भए बमोजिम इन्फिनिटी लघुवित्त वित्तीय संस्थाले यस नेपाल एग्रो लघुवित्त वित्तीय संस्थालाई प्राप्ति(एक्विजिशन) गर्ने प्रयोजनको लागि सैद्धान्तिक सहमति प्रदान भएकोले तहाँको जानकारीको लागि उक्त पत्र यसैपत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

Nepal Agro Laghubitta Bittiya Sanstha Ltd. • HEAD OFFICE •

नयन देवकोटा

नि.प्रमुख कार्यकारी अधिकृत

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्या : बै.वि.नि.वि./मर्जर/९२/०७७/७८** **मिति : २०७८/०२/११**

**श्री इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**गैडाकोट -२, नवलपुर ।**

**श्री नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेड**
**पोखरा -१८, कास्की ।**

विषय : **प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको **इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड**ले "घ" वर्गको **नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई प्राप्ति गर्ने सम्बन्धमा दुवै संस्थाको सञ्चालक समितिले आ-आफ्नो साधारण सभाबाट अख्तियारी लिई प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर गरी सैद्धान्तिक सहमतिका लागि संयुक्त निवेदन पेश गरेको हुँदा देहायका शर्तहरुसहित "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७० र "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" बमोजिम प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**शर्तहरु :**

(१) सैद्धान्तिक सहमति प्राप्त गरेको मितिले ३ महिनाभित्र "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७१ र ७२ बमोजिम तथा "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" को विनियम ८, ९ र १० बमोजिमका प्रक्रियाहरु पूरा गरी दुवै संस्थाले आ-आफ्नो साधारण सभा बोलाई सो सभाबाट प्राप्ति (एक्विजिशन) सम्बन्धी विशेष प्रस्तावलाई पारित गरी "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७३ (१) र "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" को विनियम ११ बमोजिम अन्तिम स्वीकृतिका लागि यस बैंक समक्ष संयुक्त निवेदन पेश गर्नुपर्नेछ । सो निवेदनसाथ प्राप्ति गर्ने संस्थामा लक्षित संस्थाका कर्मचारीहरुको पद मिलान तथा सेवा सुविधा सम्बन्धमा भएको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

(२) प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्तिम स्वीकृतिका लागि यस बैंकमा निवेदन दिंदा दुवै संस्थाको एकीकृत पुँजीकोष अनुपात यस बैंकको निर्देशनबमोजिम पर्याप्त हुनुपर्नेछ ।

(३) दुवै संस्थाले यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट निरीक्षण तथा सुपरिवेक्षणका सिलसिलामा दिइएका सबै निर्देशनहरुको पालना तोकिएको समयभित्र गरी सोसम्बन्धी जानकारी बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई दिनुपर्नेछ ।

(४) प्राप्ति (एक्विजिशन) गर्ने संस्थाले "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" बमोजिम लक्षित संस्थाको शेयरको मूल्य नगदमा वा प्राप्ति गर्ने संस्थाको शेयर भुक्तानी दिने गरी तय गर्नुपर्नेछ । लक्षित संस्थाका शेयरधनीहरुलाई प्राप्ति गर्ने संस्थाको शेयर दिई भुक्तानी गर्ने भएमा सोका लागि तय हुने शेयर अनुपातको आधारमा प्राप्ति (एक्विजिशन) पश्चात् प्राप्ति गर्ने संस्थामा लक्षित संस्थाका शेयरधनीहरुको कायम हुने कुल सेयर संख्या स्पष्ट खुल्ने गरी सहमति गर्नुपर्नेछ ।

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

(५) प्राप्ति गर्ने क्रममा दुवै संस्थाबीच निर्धारित शेयर स्वाप अनुपातअनुसार पुँजी मिलान गर्दा बार्गेन पर्चेज गेन आउने भएमा प्राप्ति गर्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्बन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पुँजीगत जगेडा कोषमा जम्मा गर्नुपर्नेछ ।

(६) प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" बमोजिम गर्नुपर्नेछ । अन्यथा सोही विनियमावलीको विनियम १५(४) मा भएको व्यवस्थाबमोजिम कारवाही गरिनेछ ।

(७) बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिशन) गर्नेसम्बन्धी विषयको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डलगायत आवश्यक अन्य निकायहरूलाई समेत दिनु पर्नेछ ।

(८) प्रचलित कानुन, "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" तथा यस बैंकबाट जारी निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग ।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि महाशाखा ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं ।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, जाउलाखेल, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल लघुवित्त बैंकर्स संघ ।